प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश नं. ५,

बुटवल, रुपन्देही

पत्र संख्याः २०७४।०७५
चलानी नं:

मितिः २०७४।१२।०६

**विषयः आ.ब. ०७४/०७५ को प्रदेश बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन सम्बन्धमा।**

प्रिय सहकारीज्यू,

प्रस्तुत विषयमा हालै सम्पन्न भएको प्रदेश सभाको निर्वाचन पछि प्रदेश सरकारको गठन भई मन्त्रालयहरुले कार्य शुरु गरी सकेको व्यहोरा अवगतै रहेको छ। प्रदेश मन्त्रालय स्थापना लगायतका अत्यावश्यक व्यवस्थापकीय कार्यका लागि संघीय अर्थ मन्त्रालयबाट LMBIS मा रकम व्यवस्था भएको आधारमा निकासा खर्चको व्यवस्था गरी कार्य सञ्चालन हुँदै आइरहेको छ। त्यसै गरी चालू आ.ब.को बजेट वक्तव्यको बुँदा नं. २१७ मा प्रत्येक प्रदेशलाई रु.१ अर्ब २ करोड हुने गरी बजेट विनियोजन भई सोही रकमबाट माथि उल्लेखित अख्तियारी प्राप्त भई कार्यसञ्चालन हुँदै आइरहेकोमा हाल प्रदेश आर्थिक कार्यविधि ऐन तर्जुमा भएको र सो ऐन पारित भएपछि प्रदेश सञ्चित कोषमार्फत उक्त रकम विनियोजन गरी खर्च व्यवस्थित गर्नुपर्ने हुँदा चालू आ.ब.को प्रदेश बजेट तयारी गर्नुपर्ने सम्बन्धमा निम्न विषयलाई समेत ध्यानमा राखि चालू आ.ब. ०७४/०७५ को आषाढ मसान्त सम्मका लागि बजेट तथा कार्यक्रम तयार पारी ७ दिनभित्र यस आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्राप्त हुने व्यवस्थाका लागि अनुरोध छ।

१. बजेट प्रस्ताव गर्दा प्रतिबद्ध खर्चहरु जस्तै पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा , तलबभत्ता, धारा बिजुली, टेलिफोन लगायतका खर्च शिर्षकहरुमा पर्याप्त बजेट प्रस्ताव गर्नु हुनेछ।

**प्रदेश सरकार**

# आर्थिक मामिला तथा योजना मन्त्रालय

**प्रदेश नं. ५,**

**बुटवल, रुपन्देही**

पत्र संख्याः २०७४।०७५
चलानी नं:

२. संघीय संचितकोषबाट प्रत्येक मन्त्रालयलाई विनियोजन भएको रकममध्ये बजेट पेश हुनुअघिको खर्चलाई प्रदेश संचितकोषबाट खर्च भएको मानि विनियोजन ऐनमा समावेश गरिने भएको हुँदा सो खर्च समेत समावेश गरी बजेट प्रस्ताव गर्नु हुनेछ। यसर्थ ०७४ चैत्र २५ गते भित्र खर्चको अनुमानित विवरण समेत पेश गर्नु हुनेछ।

३. बजेट प्रस्ताव गर्दा क्रियाकलापगत विवरण सहित बजेट कार्यान्वयन गर्ने कार्ययोजना समेत संलग्न गर्नु हुनेछ।

४. प्रतिबद्ध खर्च र कार्यालय स्थापना लगायतका खर्चहरुमा पर्याप्त रकम विनियोजन गर्नु हुनेछ र सो पश्चात बाँकी रहने रकमबाट चालू आ.ब.मा सम्पन्न गर्न सकिने कार्यक्रमका लागि मात्र आवश्यक बजेट प्रस्ताव गर्नु हुनेछ।

५. बजेट प्रस्ताव गर्दा त्यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत पर्ने विषयहरुमा कानुन तर्जुमा गर्न तथा आवश्यक संरचनाहरु तयार गर्न र कार्यालय स्थापना लगायतका कार्यका लगि बजेट प्रस्ताव गर्नु हुनेछ।

६. प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण , प्रत्येक क्रियाकलापको इकाई लागत , कार्यसम्पन्न गर्न लाग्ने समय, कार्यक्रमबाट प्राप्त हुनसक्ने प्रतिफल र प्रस्तावित कार्यक्रमको प्राथमिकता खुलाई पेश गर्नु हुनेछ।

७. चालू आ.ब. मा संघीय सरकारबाट हस्तान्तरण भई प्रदेश सरकार अन्तर्गत आउने योजनाहरु भए सकभर यसै बर्ष सम्पन्न गर्ने , Dropout गर्नुपर्ने वा Carryover गर्नुपर्ने भए सो विवरण पुष्ट्याईं सहित पेश गर्नु हुनेछ।

८. बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा यसपटकका लागि संघीय बजेट तर्जुमा दिग्दर्शन बमोजिमकै ढाँचामा तयार पारी प्रस्ताव गर्नु हुनेछ। उक्त दिग्दर्शन www.mof.gov.np मा उपलब्ध छ।

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश नं. ५,

### बुटवल, रुपन्देही

पत्र संख्या: २०७४।०७५
चलानी नं:

९. बजेट प्रस्ताव गर्दा "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ " बमोजिमको खर्च शिर्षक वर्गीकरण बमोजिम गर्नु हुनेछ। खर्च संकेत तथा वर्गीकरण यसै पत्रसाथ संलग्न गरिएको छ।

१०. साधरण तर्फको खर्चको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याईं गर्न आवश्यक सुचना खुलाई पेश गर्नु हुनेछ।

११. नयाँ आयोजनाहरुको हकमा कुनै आयोजना समावेश गर्नुपर्ने भए आगामी आ.ब. ०७५ /०७६ बाट कार्यान्वयन गर्नेगरी यस आ.ब.मा संभाव्यता अध्ययनका लागि आवश्यक बजेट पुष्ट्याईं सहित प्रस्ताव गर्नु हुनेछ।

........................
(थानेश्वर गौतम)
**सचिव**

श्री सचिव,
प्रदेश सभा सचिवालय, प्रदेश नं. ५, बुटवल
श्री सचिव (प्रशासन),
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ५, बुटवल
श्री सचिव,
आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नं. ५, बुटवल
श्री सचिव,
भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल
श्री सचिव,
सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल
श्री सचिव,
भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल
श्री सचिव,
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल